घरमै बसौं
सुरक्षित रहौ

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

सूचना
सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।
नेपाल सरकार
सञ्चार सूचना तथा प्रविधि मन्त्रालय
सूचना विभाग

वर्ष-१२ ।। अङ्क : १४३ ।। २०७७ भाद्र ३० गते मंगलबार (15th Sep. 2020,Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

‘दुर्गा मन्दिर सार्न रोकेको छैन’


साविक मन्दिर


नयाँ मन्दिर

बिर्तामोड (प्रस) । पुरातत्व विभागले बिर्तामोड नगरपालिका ३ स्थित दुर्गा मन्दिर सार्नका लागि नरोकेको मन्दिर निर्माण समितिले जनाएको छ । पुरानो मन्दिरलाई नमास्न भन्ने निर्देशनसहितको पत्र पुरातत्व विभागले पठाएको समितिले स्पष्ट पारेको छ । मन्दिर निर्माण समितिका अध्यक्ष पर्शुराम सिटौलाले पुरातात्विक महत्व भएको त्यस मन्दिरलाई मास्न लागेको गलत उजुरी परेपछि विभागले पत्र पठाएको बताए । उनले त्यस मन्दिरलाई नमासी सार्न मात्र लागेको कुरा बुझिदिन सबैसँग आग्रह गरे । बिर्तामोड-चन्द्रगढी सडक खण्ड निर्माण थालिएसँगै साविक मन्दिर बाटोभित्र परेपछि त्यसलाई केही पूर्वपट्टि सार्न लागिएको हो । बुद्ध जयन्तीको अवसर पारेर गत बैशाख २५ गते बिर्तामोड नगरपालिका प्रमुख ध्रुवकुमार शिवाकोटी र उपप्रमुख पवित्रा महतरा प्रसाईले वैदिक विधिपूर्वक मन्दिरको शिलान्यास गरेका थिए । मन्दिरलाई सार्नका लागि नयाँ मन्दिरको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । मन्दिर निर्माणको काम सकिन अब थोरै मात्र बाँकी रहेको समितिका अध्यक्ष सिटौलाले बताए । ‘ टायल र मार्वलको काम मात्र बाँकी छ ’ उनले भने , रंगरोकन भएपछि सार्न सकिने छ ।’ आउँदो दशैंको नौरथाका दिन पुजापाठसहित नयाँ मन्दिरमा पदस्थापन गर्ने कार्यक्रम रहेको उनले जनाए । बिर्तामोड नगरपालिकाले मन्दिर निर्माणका लागि साढे २७ लाख रुपैयाँको इस्टिमेट बनाएको थियो । त्यस इस्टिमेटभन्दा बढी खर्च भइसकेको छ । मन्दिर निर्माण सम्पन्न गर्दा करिव ३५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको अध्यक्ष सिटौलाले बताए ।

पुरातत्व विभागका पुरातत्व अधिकृत मञ्जुसिंह भण्डारीले बिर्तामोड नगरपालिकालाई पठाएको पत्रमा दुर्गा मन्दिर बाटो बिस्तार गर्ने क्रममा हटाउन लागिएको जानकारी प्राप्त भएकाले सो कार्य तत्काल रोक्का राखी यथार्थ विवरण पठाउन भनिएको छ । विभागको २०७७ भदौ २६ गतेको निर्णय अनुसार बिर्तामोड नगरपालिकासहित जिल्ला प्रशासन कार्यालय झापा र बिर्तामोड नगरपालिका-३ को वडा कार्यालयलाई समेत पत्राचार गरिएको छ । बिर्तामोड-भद्रपुर चार लेनको सडक निर्माणका क्रममा मन्दिर बीच बाटोमा पर्ने भएपछि मन्दिर सार्न लागिएको हो । मन्दिरको व्यवस्थापन गर्नका लागि सडक विभागले २३ लाख रुपैंयाँ विनियोजन गरेको थियो । मन्दिर सार्नु पर्ने र सार्न नहुने विवाद भइरहेपछि समयमा काम हुन नसकी सो वजेट फिर्ता गएको थियो । मन्दिरलाई व्यवस्थापन नगरेसम्म सडक नबनिने भएपछि नगरपालिकाले सहमति कायम गराई आफ्नै बजेटमा नयाँ मन्दिर निर्माणको काम शुरु गरेको थियो । त्यसप्रति असन्तुष्ट भएर केही स्थानीयले पुरातत्व विभागमा उजुरी हालेको निर्माण समितिले जनाएको छ ।

दुर्गा मन्दिरको इतिहास

झापाको पुरानोमध्येको एक शक्तिपीठका रुपमा बिर्ताबजारको दुर्गा मन्दिरलाई लिने गरिन्छ । जसको इतिहास सय वर्षभन्दा लामो छ । देवी गुठीको नाममा जग्गा दान दिएका डोमालाल राजवंशीका बुवाले सो दुर्गा मन्दिर स्थापना गरेको बुढापाका बताउँछन् । आफ्नो बुवाले स्थापना गरिदिएको मन्दिरलाई बुवाकै वचन अनुसार डोमालालले जग्गा दान दिएको बिर्ताबजारका ९५ वर्षिय बयोबृद्ध शम्भु पोखरेल बताउँछन् । उनले साइनोमा आफ्नो धर्मपुत्र पर्ने डोमालालले बुवाले वचन दिइसकेपछि आफूले जग्गा दान दिएको कुरा बताएको पोखरेल संझन्छन् । शुरुवाती अवस्थामा मन्दिर टीनको छानो भएको झुप्रो रहेको थियो । त्यसलाई कप्तान भूपालमानसिंह कार्कीले वि.सं. १९९५ सालमा पक्की बनाइदिएका थिए । भुपालमानसिंह कार्कीले मन्दिर बनाइदिएपछि आफ्ना बुवा गौरीशंकर पोखरेलले १९९८ देखि २००१ सम्म त्यस मन्दिरमा पुजापाठ गरेको शम्भुले बताए । त्यसपछि मधेसी मूलका पण्डितले पुरोत्याइ गरेका थिए । उनी गएपछि भीम दाहाल(दाहाल बाजे) ले लामो समय पुजापाठ गरेका थिए । २०२४ सालदेखि २०५५ सम्म दाहाल नै मन्दिर पुजारी रहेका थिए । पछिल्लो समय पुजा समिति मार्फत त्यस मन्दिरमा पुजाआजा हुँदै आएको छ ।

बोयर बाख्रामार्फत समृद्धि जोड्दै कमल

द्रोण अधिकारी/भद्रपुर

नेपाली समाजले कृषि र पशुपालन व्यवसायलाई उन्नत कार्यका रूपमा हेर्दैन । यी दुई व्यवसाय नै देशको समृद्धि हो भन्ने नबुझेको यस समाजमा कृषि र पशुपालनको माध्यमबाट समृद्धिको सहज यात्रा तय गर्ने हिम्मत कमैले लिएका पसिना समृद्ध नेपालका लागि ईटा सावित भएका केही नमूना पनि छन् । यस्ता परिश्रमी युवाका सफलताका कथा विरलै सुन्न र देख्न पाइन्छन् । यस्तै युवाहरू मध्येमा रहेका झापा अर्जुनधारा ९ शनिश्चरेका युवा कमल कडरियाको ४ वर्षयताको उन्नत बाख्रापालन व्यवसायलाई नमुनाका रूपमा हेर्न सकिन्छ ।

१० वटा ५० प्रतिशतका बोयर जातका बाख्रा र एउटा १०० प्रतिशतको बोयर बोकाबाट उन्नत बाख्रापालन सुरू गरेका कडरियाले व्यवसाय बढाउँदै ५० लाखबढीको उन्नत बाख्रा फार्म निर्माण गरिसकेका छन् । उनका उमेरका अधिकांस युवा हुन्छन् । शरीरमा बल र मस्तिकमा बुद्धि पसेपछि अधिकांस नेपाली युवा सुनौलो भविष्यको खोजी गर्न भन्दै परदेशको माटोमा दौडन्छन् । अधिकांस युवा स्वदेशमा अवसर र सुनौलो भविष्य नदेखेर विदेश मोहमा दौडेका हुन् । तर, आफ्नै जन्मभूमिमा बसेर भविष्य सुनौलो बनाउन सकिने सोच पालेका थोरै युवाहरूको रगत

❖बाँकी अन्तिम पृष्ठमा

कमलमा थपिए समुदायमा दुई संक्रमित

झापा (प्रस) । सोमबार झापामा दुईजना कोरोना संक्रमित थपिएका छन् । थपिने एक महिला र एक पुरुष दुवैजना कमल गाउँपालिकाका रहेका छन् । कमल वडा नं ३ का दुई स्थानीयमा संक्रमण देखिएको गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले बताइन् । भदौ २६ गते ६२ जनाको स्वाब संकलन गरी परीक्षणका लागि पठाइएकोमा दुईजनाको रिपोर्ट पोजिटिभ आएको उनले जानकारी दिइन् । योसँगै कमल गाउँपालिकामा संक्रमितको सँख्या ५४ पुगेको छ । जसमध्ये ५० जना समुदायका र ४ जना विदेशबाट फर्केकाहरु रहेका छन् । संक्रमितहरुमध्ये ३ जना उपचाररत रहेको र त्यसबाहेक बाँकी निको भइसकेको अध्यक्ष काफ्लेले बताइन् । प्रदेश १ मा सोमबार ८७ जना कोरोना संक्रमित थपिएका छन् । मोरङमा ५५, सुनसरीमा २४, उदयपुरमा १ र प्रदेश १ बाहिरका ५ जना रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

मोरङको कटहरीमा २ महिला १३

❖बाँकी अन्तिम पृष्ठमा

हात्तीडुब्बालाई पर्यटकीयस्थल बनाउँदै स्थानीय

गौरादह (प्रस) । पर्यटकीय संभावना बोकेको गौरादह ९ बैगुनधुरास्थित हात्तीडुव्वा सिमसार क्षेत्रलाई पर्यटकीयस्थल बनाउन स्थानीय जुटेका छन् ।

बर्षौदेखिको जलाशययुक्त हात्तीडुब्बा सिमसार क्षेत्रलाई पर्यटकीयस्थलको रुपमा विकास गर्न स्थानीय जुटेका हुन् । स्थानीयहरुले प्राकृतिकरुपले जलाशय रहेको सिमसारलाई विकास गर्न गुरुयोजना तयार गरी काम तीव्र बनाएका हुन् ।

तीन विघा क्षेत्रफलमा फैलिएको हात्तीडुब्बा सिमसारसहित संगै बस्दै आएका लोपोन्मुख सन्थाल वस्तीलाई नै समेटेर पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न शुरु गरिएको हात्तीडुब्बा सिमसार तथा पर्यटकीय क्षेत्र विकास केन्द्रका अध्यक्ष चन्द्रबहादुर खड्काले वताए । सिमसार नगरपालिकाको रमणीय स्थानको रुपमा रहेकाले त्यसलाई पूरा गराउन स्थानीयहरू जुट्दै आएको उनले बताए ।

उनका अनुसार पर्यटकीयस्थलसंगै हात्तीडुब्बा सिमसार नजिकै बर्षोदेखि बस्दै आएका सन्थाल जातिको भाषा, संस्कृति, रहनसहन, खानपान, नाचगानलाई सांस्कृतिक पहिचानको रूपमा संग्रहित गरी सन्थाल जातिको अध्ययन केन्द्रको रूपमा विकास गर्ने प्रवल सम्भावना छ ।

हात्तीडुब्बा सिमसार तथा पर्यटकीय क्षेत्र विकास केन्द्र
गौरादह न.पा.-९, बैगुन्धुरा, झापा
को
प्रथम साधारण सभा
स्था: २०७६
मिति: २०७७ भाद्र २८ गते
स्थान: पञ्चेश्वर शिव पञ्चायन मन्दिर
गौरादह-९, बैगुन्धुरा (दहगाउँ)

त्यसैगरी सिमसार क्षेत्रको पूर्वतर्फ करिव १० विगाहा क्षेत्रफलमा व्यावसायिक केरा खेती गरिदै आएकाले पनि यस क्षेत्रको पर्यटकीय विकासमा सघाउँ पुऱ्याउने अध्यक्ष खड्का बताउँछन् । त्यहाँ मोरङ सुन्दरहरैचाका ३ जना कृषकले ५ वर्षका लागि लिजमा जग्गा लिएर व्यावसायिक केरा खेती गरेका छन् । पर्यटकलाई थप आकर्षित गर्न केराबारीले पनि सहयोग गर्ने छ ।

हात्तीडुव्वामा गौरादह नगरपालिकाले डिपिआर तयार गरी कामको शुरुवात गरिएको थियो ।त्यसपछि प्रदेश सरकारवाट गत बर्ष विनियोजित रु १० लाखको वजेटबाट दहको प्रारम्भिक योजनाका कामहरु गरिएका थिए । सो रकमबाट संस्थाले ३५-३५ मिटरको दुईवटा ड्याम निर्माण गर्ने, माटो सम्याएर खाडीको आकार कायम गराउने र होलीभित्रको फोहोर , घाँस जंगल फाल्ने लगायतका काम गर्ने भनिएपनि सवै काम गर्न नसकिएको अध्यक्ष खड्काले बताए । विकासका अन्य कामजस्तै यस योजनाको काम पनि कोरोना भाइरसको महामारीले प्रभावित हुन पुगेको उनले जनाए । उक्त जलाशयका लागि २० लाख रूपैयाँ बजेट छुट्याएपनि ८ लाख १९ हजार ५ सय १५ रूपैयाँ बराबरको मात्र आन्तरिक रुपले कार्य गर्न सकिएको अध्यक्ष खड्काले बताए । चालु आर्थिक वर्ष २०७७ - ७८ मा पनि उक्त हात्तीडुब्बा जलाशयलाई विकास गर्न प्रदेश सरकारले थप २० लाख रूपैयाँ वजेट छुट्याएको छ । सो बजेटबाट संस्थाको दीर्घकालिन योजना अघि सारिएको सचिव नगेन्द्र बस्नेतले बताए ।

सिमसार क्षेत्रलाई थप आकर्षित बनाई आन्तरिक तथा वाह्य पर्यटकहरूको गन्तव्यस्थल बनाउन संस्थाको दीर्घकालिन योजनाअन्तर्गत स्थायी सम्पति व्यवस्थापन गरी होलीभित्रको थप जग्गा खरिद गर्ने, वनभोज केन्द्र (पिकनिक स्पोर्ट) निर्माण गर्ने, उत्तरतर्फ एउटा प्रवेशद्वार ,दक्षिणतर्फ अर्को प्रवेशद्वार निर्माण गर्ने, उत्तर र दक्षिण दुवैतर्फ झोलुङ्गे पुल, धार्मिक पहिचान कायम राख्न पानीको मध्यभागमा पञ्चकन्या मन्दिर निर्माण गरी हात्तीडुब्बाको वास्तविक पहिचान दिलाउने गरी काम थाल्ने योजना रहेको सचिव बस्नेतले बताए ।

त्यस्तै,सिमसारको वास्तविक आकार कायम गराउने, खाडीको वाहिरी भागतर्फ घेरावारा गर्ने र सिमसारमा आकर्षणस्थल बनाउन तीन वटासम्म डुङ्गा खरिद गर्नेलगायतका योजना रहेका छन् ।

गौरादह ९ का वडाध्यक्ष सिताराम भट्टराईले नगरकै एकमात्र संभावना बोकेको प्राकृतिक जलाशययुक्त सिमसारलाई विकास गर्न स्थानीय सरकारले आवश्यक सहयोग पुऱ्याउने बताए । गौरादहलाई चिनाउन यस्ता प्राचीनस्थलको विकास गर्न सके आन्तरिक पर्यटन प्रवर्द्धनमा नै टेवा पुग्ने उनको जोड छ ।

यसैबीच आइतवार नै हात्तीडुब्बा सिमसार विकास केन्द्रको पहिलो साधारणसभाले पुनः चन्द्रबहादुर खड्काको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

३ बर्ष कार्यकाल रहने समितिको उपाध्यक्षमा दिवसपति पोखेल,सचिवमा नगेन्द्र बस्नेत र कोषाध्यक्षमा राधा दाहाल चयन भएका छन् ।

ब्राउन सुगर र मोटरसाइकल छोडेर कारोबारी फरार

कुमरखोद (प्रस) । झापा गाउँपालिकामा रहेको सशस्त्र प्रहरी वल टाँघनडुब्बा बीओपीको टोलीले आइतबार राति लागुऔषध ब्राउन सुगरसहित दुईवटा मोटरसाईकल बरामद गरेको छ ।

विशेष जानकारीको आधारमा सशस्त्र प्रहरी निरीक्षक सचिन प्रधान नेतृत्वको टोलीले लागुऔषध कारोबारीलाई पिछा गर्दै जाँदा झापा गाउँपालिका वडा नं ६ भृकुटी चोकमा फेला पारेको थियो । त्यस ठाउँमा पुग्नुअगावै दुईवटै मोटरसाइकल छोडेर लागुऔषध कारोवारी भागेको र प्रहरीले धेरै समयसम्म धानबारीमा खोजतलास गर्दा नभेटिएको जनाएको छ ।

सशस्त्र प्रहरीले लागुऔषध कारोबारीले प्रयोग गरेको मे २ प ७९४ र मे ११ प ८०७५ नम्बरका दुईवटा मोटरसाइकल र २३.९ ग्राम ब्राउन सुगर बरामद गरेको टाँघनडुब्बा बीओपीले जनाएको छ। सशस्त्र प्रहरी निरीक्षक प्रधानले अनुसार बरामद गरिएको लागुऔषध र मोटरसाईकल इलाका प्रहरी कार्यालय कुमरखोदलाई आवश्यक कारबाहीका लागि बुझाएको जनाएका छन् ।

नगरपालिकामा ज्यान गुमाएका राजवंशी परिवारले ५ लाख

गौरादह (प्रस) । करिव १० महिनाअघि गौरादह नगरपालिका परिसरमा ज्यान गुमाएका धनवीर राजवंशीको परिवारलाई नगरपालिकाले राहतस्वरुप ५ लाख रुपैयाँ उपलब्ध गराएको छ । गौरादह नगरपालिकाका नगर प्रमुख रोहितकुमार साह र उपप्रमुख गीता भेटवालले सोमबार मृतकी पत्नी पार्वती राजवंशीलाई संयुक्तरूपमा उक्त रकमको चेक हस्तान्तरण गरेका हुन् । राहत हस्तान्तरणमा पीडितका परिवारका सदस्यहरुको उपस्थिति रहेको थियो ।

गौरादह ८ भुँडीसिमलका ५८बर्षिय मृतक राजवंशीको गत असोज १२ गते उपभोक्ता समितिको रकम भुक्तानीका लागि नगरपालिका गएको वखत नगरपालिकाको मूल गेटमै बेहोस भई उपचार गर्न लाने क्रममा मृत्यु भएको थियो । राजवंशीको अध्यक्षतामा बनेको उपभोक्ता समितिले बनाएको बैराती बजार टहरा निर्माण सम्पन्नपछि नियमानुसार रु ३ लाख भुक्तानीका लागि पटकपटक ताकेता गर्दा समेत नपाएका कारण मृत्यु भएको भन्दै पीडितसहित स्थानीय आन्दोलित थिए ।

मृत्यु भएपश्चात उनीहरूले क्षतिपूर्तिसहित ईन्जिनियर सचिन क्षेत्रीलाई बर्खास्त गर्न माग गरेका थिए । त्यसवेला नगरपालिका र पीडित पक्षवीच घटनाप्रति क्षमयाचनासहित राजवंशीको परिवारलाई भरणपोषणका लागि राहतस्वरूप ५ लाख रूपैयाँ दिने र ईन्जिनियर सचिन क्षेत्रीलाई बर्खास्त गर्ने सहमति भएको थियो ।

माग पूरा नगरी इस्टुले विद्यालय खोल्न नदिने

भद्रपुर (प्रस) । संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) भद्रपुर नगर समितिको बैठकले शिक्षक कर्मचारीको माग सम्बोधन नभएसम्म नगर क्षेत्रमा विद्यालय सञ्चालन हुन नदिने निर्णय गरेको छ ।

संस्थागत विद्यालय शिक्षक युनियन
भद्रपुर नगर समिति, झापा

नगर समितिका अध्यक्ष द्रोण अधिकारीको अध्यक्षतामा सम्पन्न बैठकले पटकपटक दिएको ध्यानाकर्षणपत्र, ज्ञापनपत्र, मागपत्र र अल्टिमेटम वारेमा विद्यालय सञ्चालकहरूले बेवास्ता गरेको ठहर गर्दै माग सम्बोधन नभएसम्म विद्यालय सञ्चालनको वातावरण तयार हुन नदिने निर्णय गरेको हो । बैठकले विद्यालय सञ्चालकहरूले प्याब्सन, एन प्याब्सनको नाममा राज्यको प्रचलित नीतिनियम विपरित चलेको ठहर गर्दै कानुनी उपचारका लागि श्रम अदालत जाने निर्णय गरेको छ । सो निर्णयअनुसार शिक्षक कर्मचारीका प्रचलित कानुनअनुसारका मागको बेवास्ता गरेर जवरजस्ती विद्यालय सञ्चालन गर्ने प्रयास गरे प्रतिकारमा उत्रने, असोज ४ गते शिक्षक कर्मचारीको नगर भेला आयोजना गरी नगर शिक्षा घेराउ गर्ने, गएको शैक्षिक वर्षकै तलव नदिने विद्यालय तथा सञ्चालकको भण्डाफोर गर्ने, सञ्चालनमा आएका विद्यालयमा तालाबन्दी गर्ने लगायतका आन्दोलनका कार्यक्रम सार्वजनिक गरिएको छ ।

बैशाख तेस्रो साताबाट आन्दोलित भएको इस्टुका माग सम्बोधन गर्न विद्यालय सञ्चालक अनिच्छुक देखिएपछि पटकपटक नगर शिक्षा समितिसित माग पूरा गराउन शिक्षक युनियनले मागपत्र र ध्यानाकर्षण गराउँदै आएको भएपनि अभिभावकत्व ग्रहण गर्न नगरपालिका असफल भएको भन्दै संस्थागत विद्यालयका शिक्षक कर्मचारी असन्तुष्ट भएका छन् ।

कमलमा छोराले गरे आमाको हत्या

दमक (प्रस) । झापाको कमल गाउँपालिका-७ मा आइतबार साँझ छोराले आमाको हत्या गरेका छन् ।

बाह्रघरे नजिकै मुसहर बस्तीका स्थानीय २१ वर्षीय छोरा दिनेश ऋषिदेवले बञ्चरो प्रहार गरी ५० बर्षिया आमा मीरा ऋषिदेवको हत्या गरेका हुन् । मदिरा सेवन गरेर आएका दिनेशले आमासँग विवाद भएपछि बञ्चरो प्रहार गर्दा आमाको घटनास्थलमा ज्यान गएको इलाका प्रहरी कार्यालय दमकका प्रहरी नायव उपरिक्षक विजयराज पण्डितले बताए । नशाको सुरमा दिनेशले आमामाथि अन्धाधुन्ध हतियार प्रहार गरेको वडाध्यक्ष पृथ्वीपति राईले जानकारी दिए । हत्या गर्ने छोरालाई गाँउलेले नियन्त्रणमा लिएर प्रहरीमा बुझाएका थिए । प्रहरीले अभियुक्तलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान शुरु गरेको प्रहरी नायव उपरिक्षक पण्डितले बताए ।

कमलमा...

पुरुष, विराटनगरमा १ महिला १३ पुरुष, बुढीगंगामा ५ महिला ८ पुरुष, ग्रामथानमा २ महिला ५ पुरुष, रतुवामाईमा ३ पुरुष, जहदामा १ पुरुष र स्थानीय तह नखुलेका २ पुरुषको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार सुनसरीको इनरुवामा १ महिला १३ पुरुष, धरानमा २ महिला २ पुरुष, इटहरीमा २, भोक्राहानर सिंहमा २, दुहवीमा १ र स्थानीय तह नखुलेका १ पुरुषमा संक्रमण देखिएको छ । उता उदयपुरको स्थानीय तह नखुलेका १ पुरुष र प्रदेश १ बाहिरका ५ पुरुषको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । प्रदेश १ मा कोरोना संक्रमितको संख्या ४ हजार ८२९ पुगेको छ । प्रदेश १ मा सोमबार १५ जना डिस्चार्ज भएका छन् । विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट ८ जना र न्युरो अस्पताल विराटनगरबाट ७ जना डिस्चार्ज भएका छन् । प्रदेश १ मा डिस्चार्ज हुनेको संख्या २ हजार ७८ पुगेको छ । प्रदेश १ मा सोमबार १ हजार ४८३ जनाको पिसिआर परीक्षण भएको छ । परीक्षण भएकामध्ये १५ महिला र ७२ पुरुषको रिपोर्ट पोजेटिभ आएको छ । सामाजिक विकास मन्त्रालयका अनुसार हालसम्म १ लाख ९ हजार १६ जनाको पिसिआर परीक्षण गरिएको छ ।

बोयर ...

विदेशमा रोजगारीमा छन् । उनलाई पनि बाख्रापालन सुरू गर्दा आफन्त तथा साथीभाइले उभो नलाग्ने व्यवसाय भनेर निरुत्साहित गर्नेको लामै ताँती थियो ।तर, स्वदेशमै बसेर केही न केही व्यवसायमार्फत समृद्धिको बाटो बनाउने सपना पालेका कडरियाले कृषिभित्र पर्ने पशुपालनको माध्यम समातेर ४ वर्षमा उन्नतिको पथ निर्माण गरिसकेका छन् ।

आर.के एग्रीकल्चर नाम दिएर स्वरोजगार गरिरहेका कमल परम्परागत शैलीभन्दा केही भिन्न विधि अपनाएर उन्नत बाख्रापालनमा जुटेका छन् । उनले घाँस र दाना दुवैमा आधारित बाख्रापालन गरिरहेका छन् । ६० वटा बाख्रा रहेको उनको फार्ममा ४ जनाको रोजगारी सुनिश्चित भएको छ । अहिले उनका फार्ममा ६५ प्रतिशत ७५ प्रतिशत, ८७ प्रतिशत र शतप्रतिशत गरी ४ किसिमका उन्नत बोयर जातका बाख्रा छन् ।

राज्यबाट कुनै साथ र सहयोग नपाएको कडरियाको फार्मबाट उत्पादित पाठापाठीको प्रतिशतका आधारमा मूल्य समेत तोकिएको छ । जसअनुसार ५० प्रतिशतका बोकाको प्रतिकेजी १५ सय, पाठी १२ सय, ७५ प्रतिशतका लागि बोकाको २५ सय, पाठीको २ हजार, ८७ प्रतिशतका लागि बोकाको ३५ सय, पाठीको २५ सय मूल्य तोकेर बिक्री समेत गर्ने गरेका छन् । कडरियाको बाख्रापालनबाट ४ जना पूर्णरूपमा रोजगार छन् भने कृषि र पशुपालनमा भविष्य नदेख्नेका लागि मेहनत गरे उन्नति गर्न सकिने उदाहरण समेत निर्माण भएको छ । उनी आफ्नै देशमा बसेर पनि राम्रो उन्नति गर्न सकिने बताउँदै नाम र दाम कमाउन विदेश धाउनु नपर्ने धारणा राख्छन् ।एउटा व्यक्तिको प्रयासमा राज्यको सहयोग पनि मिसिने हो भने व्यावसायिक उन्नतिले समाज रूपान्तरणमा छिटो गति लिने विश्वास राख्ने कडरिया नमूना बाख्रापालन फारम निर्माणको चरणमा छन् ।

प्रतिदिन दैनिक अब इ- पेपरमा पनि

भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, झापा
प्रदेश नं १ नेपाल ।

हक दावी गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषय सम्बन्धमा भद्रपुर नगरपालिका वा. नं १० बस्ने श्री धना वरालको नाममा दर्ता कायम रहेको साविक चनद्रगढी ६ हाल भद्रपुर न पा वा नं १० को कि नं ४५२३ को जम्मा ज वि ०–०–१० जग्गामा साविक चन्द्रगढी गा वि स हुँदा नै भवन निर्माण सम्पन्न गरी नियमित नक्सा पास गरी पाउँ भनी नक्सा सहित निवेदन पेश भइ सँधियारको नाममा सूचना प्रकाशित गर्दा उत्तरतर्फको सँधियार श्री शान्ता कटुवाल र दक्षिणतर्फको श्री दामोदर सुवेदीले हालसम्म पनि सूचना नबुझ्नु भएको र सरजमिन स्थलमा पनि अनुपस्थित हुनु भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को (क) बमोजिम दोस्रो पटक यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यस विषयमा तपाँइको कुनै किसिमको दायित्व बोध भए १५ दिन भित्रमा आफूलाई मर्का परेको विवरण खुलाई यस भद्रपुर नगरपालिकाको भवन नक्सा शाखामा आइ उजुरी दिनु होला । अन्यथा यसै आधारमा नक्सा पास भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

(प्रमुख प्रशासकीय अधिकृत)

सशस्त्र प्रहरीको ९ वटा बीओपी थपिने

भद्रपुर (प्रस) । सीमा सुरक्षा तथा राजश्व चुहावट नियन्त्रणमा खटिदै आएको सशस्त्र प्रहरीले यस वर्ष झापाका ९ वटा नाकामा बोर्डर आउट पोस्ट (बीओपी) थप्ने भएको छ ।

सशस्त्र प्रहरी बल हेडक्वार्टर २ नम्बर गण झापाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक रमेशकुमार पाण्डेले सीमा सुरक्षाका लागि थप निगरानी बढाउन बीओपी थप्न लागिएको जनाएका हुन् ।

गणपति पाण्डेका अनुसार थपिएका बीओपी सहित झापामा यस वर्षबाट १७ वटा बीओपी हुने छन् । नयाँ बीओपीका लागि जग्गा प्राप्तिको प्रकृयामा जुटेको जनाउदै पाण्डेले उपयुक्त स्थानमा जग्गा पाउन मुश्किल परेको समेत जानकारी दिए ।

गणपति पाण्डेका अनुसार यस वर्ष पूर्वोत्तर झापाका तिरिङ, नकलबन्दा, सतिघट्टा, ज्यामिरगढी, दक्षिणतर्फ भद्रपुरको मेची पुलआसपास, महेशपुर, पाठामारी, पन्थापाडा र गौरदाहको आँपगाछीमा बीओपी थपिनेछ । काँकरभिट्टाको सशस्त्र प्रहरी राजस्व गुल्मलाई समेत बीओपीमा परिणत गरिएको छ । बीओपी थपिएपछि सीमा सुरक्षा तथा चोरी तस्करी नियन्त्रणमा थप सहयोग पुग्ने विश्वास गरिएको छ । हेडक्वार्टर २ नम्बर गण झापाको मातहतमा १३ सय सशस्त्र प्रहरी नेपाल भारत सीमा क्षेत्रको झापा खण्डमा कार्यरत छन् । खुल्ला सिमानाका कारण चोरी तस्करीका घटना बढिरहेको सीमा क्षेत्रमा महत्वपूर्ण भूमिका रहने सशस्त्र प्रहरीको रचनात्मक कार्यमा सीमा आसपासका बासिन्दाले सहयोग गरिरहेका छन् ।

बाल दिवसमा फलफूल वितरण

मेचीनगर (प्रस) । राष्ट्रिय बाल दिवसको अवसर पारेर मेचीनगर नगरपालिकाको कार्यालयले सोमबार नगरका दुईवटा बाल आश्रमहरुमा रहेका बालबालिकाहरुलाई फलफूल वितरण गरेको छ ।

नगरप्रमुख उपप्रमुख मीना पोखरेल उप्रेतीहितको टोलीले नगरको ७ नम्बर वडामा रहेको समाज सेवा सुधार अपाङ्ग संघ र १० नम्बर वडामा रहेको स्वबोध साधना केन्द्रमा रहेका बालबालिकाहरुलाई फलफूलसहित खाद्य सामग्री वितरण गरेको नगरपालिकाका महिला विकास निरीक्षक जयन्ती खरेल लम्सालले बताइन् ।

यस वर्षको बालदिवसको नारा ‘ विपदमा बाल अधिकारको सुनिश्चितता, हामी सबैको प्रतिबद्धता’ भन्ने रहेको थियो । बालबालिका देशका कर्णधार भएकाले उनीहरुको हकहित अधिकार रक्षाका लागि स्थानीय सरकार सधैभरि उनीहरुकै पक्षमा लाग्ने उपप्रमुख उप्रेतीले बताइन् । कार्यक्रममा स्वोबध साधना केन्द्रका अध्यक्ष बालकृष्ण थपलियाले नगरपालिकाप्रति धन्यवाद ज्ञापन गरे । कार्यक्रममा मेचीनगर १३ नम्बर वडाका वडाध्यक्ष कृष्ण सिग्देललगायतको सहभागिता रहेको थियो ।नेपालले संयुक्त राष्ट्रसंघको बाल अधिकारसम्बन्धी महासधि १९८९ अनुमोदन गरेको दिनको अवसरमा दिवस मनाउन थालिएको हो । उक्त महासन्धि अनुमोदन भएको ३० वर्ष पुगेको छ ।

बिर्तामोड नगरपालिकाको

अत्यन्त जरुरी सूचना !

बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्य विकास शाखा मार्फत् पशु नश्ल सुधार (कृतिम गर्भाधान) कार्यक्रम गाई, भैंसी र बाख्रामा ५०% छुट अनुदानमा कार्यक्रम सञ्चालन भइरहेको हुँदा बिर्तामोड नगरपालिका क्षेत्रभित्र रहने आम पशुपालक कृषकहरुको जानकारीका लागि यो सूचना सम्प्रेषण गरिएको छ । कृतिम गर्भाधान सेवा नगरपालिकाको १० वटै वडामा सञ्चालन भइरहेको हुँदा कार्यालयको सम्पर्क नं. ०२३-५४६६७३ मा सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध छ ।

बिर्तामोड नगरपालिका, झापा

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सूचना

प्रदेश नं. १ झापा जिल्ला, बिर्तामोड नं.पा. वार्ड नं.- ५ स्थायी ठेगाना भई हाल ऐ ऐ बस्ने श्री हिम लाल रोक्काको नातीनी, भक्त बहादुर रोक्काको छोरी, हरि माया चुहानको मिति २०७५/०८/०५ गते मृत्यु भएकाले निजका नाममा यस बैंकको शाखा कार्यालय बिर्तामोडमा रहेको खाता नं. WS-१०४२८ मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँभनी मृतकको दाजु श्री भद्र बहादुर रोक्का क्षत्रीले मिति २०७७/०५/२९ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्तनिक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्तम्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सुचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
शाखा कार्यालय बिर्तामोड
फोन नं. ०२३-५४३५६४

पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

औषधीको प्रयोग नगरी उपचार
बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।

Back Pain
Knee Pa
Neck Pain
Shoulder Pain

सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।
पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

हाडजोर्नी तथा नशाका समस्याहरुको बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरु
ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

सम्पादकीय

बाल दिवसको औचित्य

संयुक्त राष्ट्रसंघले सन १९८९ मा जारी गरेको बाल अधिकारसम्वन्धी महासन्धीलाई नेपालले सन् १९९० सेप्टेम्बर १४ अर्थात् २०४७ साल भाद्र २९ गते अनुमोदन गरेको थियो । सोही दिनलाई आधार मानेर नेपालमा हरेक वर्ष राष्ट्रिय बाल दिवस मनाउँदै आइएको छ । नेपालमा गणतन्त्र आएपछि नेपाल सरकारले हरेक वर्ष भाद्र २९ गतेलाई राष्ट्रिय बाल दिवसको रुपमा मनाउने घोषणा गरेको थियो । नेपालमा गणतन्त्र घोषणा हुन अघि भाद्र ४ गतेलाई राष्ट्रिय बाल दिवस मनाउने गरिन्थ्यो । तत्कालीन बडामहारानी रत्नराज्य लक्ष्मी शाहले बालबालिकाको हितमा गरेको योगदानलाई सम्झदै उहाँकै जन्मदिनलाई बाल दिवसको रुपमा मनाइएको थियो ।

राष्ट्रिय बाल दिवस २०७७ को यस वर्षको नारा 'विपद्मा बाल अधिकारको सुनिश्चितता हामी सबैको साझा प्रतिबद्धता रहेको छ । कुनै पनि दिवस मनाउँदा दिवससँग सम्बन्धित विषयमा सबैमा जनचेतना अभिबृद्धि गर्न, सरोकारबालाको ध्यानाकर्षण गराउने, महत्व बताउने गरिन्छ। यसको लागि छलफल, अर्न्तरक्रिया, न्याली, परिसम्वाद, सांस्कृतिक कार्यक्रम आदि हुने गर्दछ ।

तर अहिले कोरोनाका कारणले उत्पन्न विषम परिस्थितिले गर्दा यो वर्षको राष्ट्रिय बाल दिवसको कार्यक्रममा भौतिक रुपमा बाल सहभागिता शुन्यजस्तै भएको छ । २०७६ चैत्र देखिको कोरोना प्रभावले गर्दा झण्डै ८० लाख बालबालिकाहरु विद्यालय आउन नपाई घरमै छन्। सहज अवस्थामा त बालबालिकाहरु धेरै पीडित भएको तथ्याक्त विभिन्न अध्ययन प्रतिवेदनहरुबाट आइहेको अवस्थामा अहिलेको विषम परिस्थितिमा बालबालिकाहरु अझ झन् धेरै पीडित छन भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ ।

धेरै बाल अधिकारहरुको सुनिश्चितता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐन कानूनले गरे तापनि व्यवहारमा त्यो कति लागू भयो र बालबालिकाले ती अधिकारहरु कति उपभोग गरे र गरिरहेका छन्। आज राष्ट्रिय बालदिवस मनाइरहँदा यसको समीक्षा गर्न आवश्यक रहेको थियो ।

संघर्ष एकछाक शिकार वा जीवनका लागि कमरेड ?

❖सिपी कडरिया

एउटा भनाइ छ–'यदि तिम्रो व्यवहार र कामले कसैलाई सपना देख्ने बनाउँछ, असल काम गर्न प्रेरित गर्छ, उसको लक्ष्यमा पुग्न हौसला थप्छ भने मात्र तिमी नेता हुन्छौं । हाम्रो हकमा त्यो सपना देख्न सिकाउने अस्त्र भनेकै सही विचारधारात्मक एवं राजनीतिक कार्यदिशा हो । विचारधारा र राजनीतिक कार्यदिशा पनि जड कुरा होइन, यो निरन्तर विकासको प्रक्रियामा हुन्छ । बदलिँदो परिवेशअनुसार यसलाई विकास गर्दै जानुपर्छ ।'

हामी कम्युनिष्टहरुले हमेसा मनन गर्नुपर्ने सोभियत समाजवादी क्रान्तिका नायक लेनिनको एउटा भनाइ छ-'हामी मार्क्सवादको सिद्धान्तलाई बिल्कुल पूर्ण र अनुल्लंघनीय ठान्दैनौ । यसको विपरीत, हामी विश्वस्त छौं कि मार्क्सवादले त्यो विज्ञानको जग मात्र हालेको छ, जसलाई समाजवादीहरुले, यदि उनीहरु जीवनमा पछि पर्न चाहँदैनन् भने चौतर्फी विकास गर्नुपर्छ ।' हामी मार्क्स-एंगेल्स-लेनिनहरु हुर्किएको परिवेशभन्दा विल्कुल भिन्न ठाउँमा छौं । विज्ञान-प्रविधिको असाधारण क्रान्ति (विशेषगरी जेनेटिक इन्जिनियरिङ र इन्टरनेटले ल्याएको क्रान्ति) ले हामीलाई विचारधारात्मक क्षेत्रमा नयाँ बहस र विकासको जरुरी परिसकेको छ । तर आजभोलि हाम्रा सपनाहरु धमिलो बन्न खोजिरहेको छ । हामी विचारधारात्मक र राजनीतिक कार्यदिशामा केन्द्रित बहसभन्दा दिनदिनैको धपेडी र तत्कालिन घटनाक्रममा आधारित आग्रह-पूर्वाग्रहको मोलतोलमै समय बर्वाद गरिरहेका छौं ।कम्युनिष्ट आन्दोलनमा विचार, सिद्धान्त, कार्यदिशा, रणनीति, कार्यनीति नेतृत्व र कार्यशैलीको सवाल जहिल्यै पनि प्रधान बनेर आउँछ । विचारधारात्मक र राजनीतिक कार्यदिशाले अन्य सबै पक्षको निर्धारण गर्दछ । यस सन्दर्भमा चिनीया जनवादी क्रान्तिका नायक माओत्सेतुङ भन्नुहुन्छ, 'विचारधारात्मक एवं राजनीतिक लाइन सही या गलत हुनुले सम्पूर्ण कुराको निर्धारण गर्छ। लाइन सही छ भने गुमेले कुराहरु पनि प्राप्त हुन्छन्, लाइन गलत छ भने प्राप्त भएको कुराहरु पनि एक पछि अर्को गर्दै गुम्दै जान्छन् ।'

विचारधारात्मक र राजनीतिक कार्यदिशा निर्धारण भएपछिको महत्वपूर्ण सवाल संगठन हो । संगठनमा नेता, कार्यकर्ता र जनताको तहगत परिचालनको पक्ष आँउछ। एक्काइसौं शताब्दीमा कस्तो नेतृत्व प्रणाली हुनु पर्दछ भन्ने विषय संगठनको हकमा आजको एक मुख्य सवाल हो । अझ हाम्रो पुस्ताले त नेतृत्वको सवाल मात्रै होइन, नेतृत्वको श्रृंखलावद्ध लामबन्दीमा जोड गर्न जरुरी भइसकेको छ । अन्यथा एक-दुई नेतृत्वले आजीवन पार्टीको नेतृत्व गरिरहने र देशले युवापुस्ताको नेतृत्व पाउन नसक्ने दुख विरासतले निरन्तरता पाउने निश्चित प्राय छ । दुखको कुरा आज कार्यदिशा र नेतृत्व विकासको सवालमा कमै मात्र बहस हुने गरेको छ । अब यी र यस्ता यक्ष प्रश्नतर्फ हामी गम्भीर बहस र समीक्षा गर्ने कि नगर्ने ? यता बहसको मियो सोझ्याउन हिम्मत गर्ने कि नगर्ने ?

क्रान्ति भनेको न त स्वतःस्फूर्त वस्तुगत विकास प्रक्रिया मात्रै हो न त सचेत आत्मगत चाहना र हस्तक्षेप मात्र । यो त स्वस्फुर्त वस्तुगत प्रक्रिया र सचेतनापूर्वक बनाइने योजनाको कुलयोग हो । अर्थात् यसो भन्न सकिन्छ कि भौतिक परिस्थिति र सचेत पहलकदमीको अन्योन्याश्रित प्रक्रिया हो । नेपालमा एउटै कम्युनिष्ट केन्द्र निर्माण गर्ने सवालमा ५० औं वर्षदेखि बहस हुँदै आयो तर एउटै कम्युनिष्ट बन्न किन सकेन ? 'संसारका श्रमजीविहरु एक होऔं' को नारामुनि गोलबन्द हुनेहरु किन अनेकतामा रहने भयौं ? हाम्रा उद्देश्य र यथार्थबीच भेट किन हुँदैन ?

आधारभूत रुपमा विचारधारात्मक प्रश्नहरु र मार्गदर्शक सिद्धान्तहरु एउटै रहँदा–रहँदै पनि पार्टी एकताको वातावरण बन्न नसकेको घटनादेखि विचारधारात्मक प्रश्नहरु र मार्गदर्शक सिद्धान्तहरुमा रहेका मतभिन्नतालाई थाँती राखेर पनि पार्टी एकता भएकोसम्मको एकता र विभाजनको विषम् प्रवृत्ति हामीसामु रहेको कुरा इतिहास साक्षी छ । एउटै कम्युनिष्ट केन्द्र निर्माण गर्ने सवालमा विगत ५० वर्षबाट विभिन्न कोणबाट बहस हुँदै आयो । सापेक्षित रुपमा ध्रुवीकरण र एकीकरणको सामान्य मानचित्र देखिदै पनि आयो । तीमध्ये नेकपा(माओवादी केन्द्र) र नेकपा(एमाले) बीचको एकता अलि बढी दूरगामी महत्वको रहेको छ । यसमा कही कतै दुविधा छैन । तर के यो एकता आत्मगत पक्ष कसैको इच्छाको परिणाम मात्रै हो त ? वा परिपक्व वस्तुगत वातावरणको फल मात्रै हो ? के सचेतन पक्षको पहल थिएन ? या त माथि भनिएझैं पार्टी र नेतृत्वको सचेत आत्मगत योजना र नेपाली समाजको बदलिँदो अन्तर्विरोधको जगमा खडा भएको वस्तुगत घटनाक्रम दुवैको कुल योग हो । विधिमा जाँदा नेतृत्वलाई यसको जस जान्छ नै तर नेतृत्वको मात्र चाहनाको विषय भने यो अवस्य होइन । यसमा कसैले घमण्ड गर्न जरुरी छैन । तर एकता जुन विचारधारात्मक एवं राजनीतिक उद्देश्यका आधारमा भयो । त्यस खास उद्देश्यलाई किनारा लगाएर समसामयिक घटनाक्रमको भूलभूलैयामा फस्ने काम भइरहेको छ । यो त्यति सान्दर्भिक र आवश्यक दुवै छैन । फेरि पनि विचार, विधि र नेतृत्वको सवाल अहम् सवाल नै हो । यसलाई सहायक बनाएर गरिने नाजायज विमर्श र तर्कले आन्दोलनको विसर्जनबाहेक अर्को कुनै परिणाम निस्कदैन । एउटा सान्दर्भिक 'सिंह र हरिणको कथा' छ । यस कथामा सिंहले हरिणलाई आफू रहेजस्तै अर्को डाँडोमा देख्छ । सिंहले पूरा ताकतका साथ हरिणलाई लखेट्न शुरु गर्छ । जब सिंह हरिण भएको ठाउँमा पुग्छ, हरिण यसअघि नै अर्को डाँडोमा पुगिसकेको हुन्छ । यो प्रक्रिया घण्टौं चलिरहन्छ । तर सिंहले हरिणलाई भेट्न सक्दैन । सिंहले अब वनदेवतालाई सोध्छ । हे देवता ! म यत्रो ठूलो जंगलको राजा भएर पनि यति जावो हरिणलाई किन भेट्न सकिनँ ? वनदेवताले सिंहलाई जवाफ दिदै भन्छन्- हे सिंह ! तिमी एक छाक टार्नको लागि दौडियौं, तर विचरा त्यो हरिण सिंगो जीवनका लागि दौडियो । त्यसैले तिमी दौडमा पराजित भयौं र उसले दौड जित्यो । यस कथामा सिंहको संघर्ष एक छाकका लागि थियो, हरिणको संघर्ष जीवन मरणको लागि । अतः हाम्रा अगाडि पनि यस्तै गम्भीर सवाल खडा भएको छ । के हामी सिंहले जस्तो एक छाकका लागि संघर्ष गर्ने कि हरिणले जस्तै जीवन मरणको ? हामी कतै तत्कालिन र कम महत्वका विषयहरुमा भुलेर जीवन मरणको रणनीतिक र विचारधारात्मक राजनीतिक मिसनमा त हारिरहेका छैनौ ? अब हामी गम्भीर बन्ने कि नबन्ने ? विचारधारात्मक राजनीतिक बहसको मियो सोझ्याउने कि न नसोझ्याउने ? प्रश्न खरो रुपमा उठिसकेको छ ।

नेपाली जनयुद्धले नेपाली समाजमा अभूतपूर्व जागरण ल्यायो, जसले अढाइ सय वर्षे सामन्ती राजतन्त्रको जरा हल्लायो। उत्पीडित, दमित महिला, दलित आदिवासी जनजाति, मजदुर, किसान सबैमा छालमय जागरण ल्यायो। आजको परिवर्तनको मूल श्रेय त्यही नै हो, यो इतिहासको सच्चाइ हो। जनयुद्धकै उत्कर्षका बेला तत्कालिन माओवादी र सात राजनीतिक दलबीच बाह्रबुँदे सहमतिको जगमा दोस्रो जनआन्दोलन भयो । वार्ता र आन्दोलनको एक मूल मुद्धा संविधानसभाको चुनावपछि राजतन्त्र औपचारिक रुपमा समाप्त भयो । जनयुद्ध र जनआन्दोलनको अनिवार्य संयोजनबाट नै राजतन्त्रको अन्त्य भएर गणतन्त्र आएको हो । यो आधुनिक विश्व इतिहासको एक बिरलै घटना हो। कम्युनिष्ट आन्दोलनका अध्येताहरुले यसबारेमा थप्रै पुस्तकहरु पनि लेखिसकेका छन् । अन्तर र्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको इतिहास जनयुद्ध र जनआन्दोलनको संयोजन गर्ने हाम्रो मौलिक विकासले समृद्ध बनिसकेको छ । आजको विश्वमा चीन, भियतनाम, लाओस, उत्तर कोरिया र क्युवापछि नेपाल छैठौं देश भएको छ, जहाँ कम्युनिष्टहरुले शासन गरिरहेका छन् ।

लोकतान्त्रिक गणतन्त्र स्थापनापछि इतिहासले हामीलाई अर्को ऐतिहासिक कसीमा राखेरै छोड्यो । लोकतान्त्रिक गणतन्त्रमै सीमित हुन्छौं कि त्यसबाट अगाडि बढ्न चाहन्छौं ? इतिहासले हामीलाई प्रश्न सोध्यो। इतिहासले सोधेको प्रश्नको जवाफ दिने क्रममा हामी पार्टी एकता गर्ने एक ऐतिहासिक मोडमा आइपुग्यौं। हाम्रा पूर्व पार्टीहरु अलग-अलग हुँदाका पछिल्ला संश्लेषणहरु खासगरी नेपाली मौलिकताको जनवादी क्रान्ति सम्पन्न भयो र अबको राजनीतिक दिशा- वैज्ञानिक समाजवाद हो । संक्रमणकालको लागि जनताको जनवाद हुँदै समाजवादको यात्रा तय गरिसकिएको छ। आगामी महाधिवेशनले यसलाई थप विकास र संश्लेषण गर्ने नै छ।

कम्युनिष्ट र चुनाव

कतिपय साथीहरु चुनावी प्रणालीको आविष्कार गरेको श्रेय हामीले लिनु पर्दछ भन्दैछन् । आधुनिक विश्व राजनीतिक प्रणाली र चुनावको इतिहास अध्ययन गरेको जो कसैले भन्न सक्छ कि चुनावी प्रणाली आविष्कार गरेको श्रेय हामीलाई जाँदैन। सामन्तवादको अन्त्य र पूँजीवादको शुरुवातसँगै यूरोपमा शुरुमा पुरुष (दास र मजदुर बाहेकका) लागि चुनाव भएको थियो र पछि सबैको लागि । बहुमतको सरकार र अल्पमतको विपक्ष, आवधिक निर्वाचन, शक्ति पृथकीकरण, मानव अधिकार, नागरिक समाज, प्रेस स्वतन्त्रता यी सब कम्युनिष्टका आविष्कार होइनन् । अहिलेको बेलायतमा यी सबै छैनन् र ? कम्युनिष्टहरुमा चुनावी प्रणालीको शुरुवात गरेको वा आविष्कार गरेको श्रेय पनि हामीले कसरी लिन सक्छौं र ? नेपाल कम्युनिष्ट पार्टीको जन्म हुनु अघि नै यूरोपका धेरै जसो देशहरुमा लोकप्रिय मत कम्युनिष्टहरुले प्राप्त गरिसकेका थिए । खासगरी फ्रान्स, जर्मनी, बेलायत, इटली र पछि अमेरिकामा पनि । नेपालमा त धेरैपछि पन्ध्र सालको आम निर्वाचनमा नेकपाले भाग लिएर चार सिट जितेको थियो । हामीलाई कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरण गरेको होइन, बुर्जुवाकरण गरेको श्रेय हो वास्तवमा । यसो त कम्युनिष्टहरु पनि सिद्धान्ततः चुनावको विरोधी हुँदैनन् । कम्युनिष्टहरुको पहिलो सत्ता पेरिस कम्युनले त पार्टीमात्र होइन, कर्मचारी र न्यायाधीशहरु पनि निर्वाचित हुनु पर्ने दस्तावेज पारित गरेको थियो ।

तर के हाम्रो दस्तावेज र कार्यदिशा बमोजिमको कार्यक्रमअनुरुप नै जनताको जीवनस्तरमा आधारभूत परिवर्तन ल्याउन सक्यौं त ? के शासन व्यवस्था वा राज्य संयन्त्रको गतिविधिहरुबाट जनतालाई हामीले विगतमा गरेको प्रतिवद्धताअनुसार नै अलि फरक अनुभूति दिलाउन सक्यौं त ? अब इतिहासले हामीलाई अलि फरक स्वरुपमा अर्को प्रश्न गर्दै छ । निर्ममतापूर्वक कसीमा राख्न खोज्दैछ वा अग्नीपरिक्षा लिन खोज्दैछ। परिवर्तन र सन्दर्भ फरक पर्न सक्छ । तर हाम्रा दुई अग्रजहरुको समकालीन भनाइले यसवेला हामीजस्ता क्याडरहरुलाई अलि पिरोलिरहेको छ। मलाई झल्झली सम्झना छ कि समकालिन दक्षिण एसियाली राजनीतिक र राज्य व्यवस्थाहरुको विश्लेषण गर्दै चिनीयाँ कम्युनिष्ट पार्टीका अध्यक्ष कमरेड माओत्सेतुङले सम्बोधन गर्नुभएको विचार थियो- 'हिन्दुस्थानको गणतन्त्रभन्दा नेपालको राजतन्त्र नै ठीक ।' तर यसको अर्थ यो थिएन कि व्यवस्था र शासन प्रणालीको दृष्टिले गणतन्त्रभन्दा राजतन्त्र ठीक सावित होस् । बरु सवाल त के हो भने जननेता कमरेड मदन भण्डारीले काठमाडौंका खुल्लामञ्चमा भन्नुभएझैं यदि जनताको जीवनस्तरमा आमूल परिवर्तन आउँदैन भने राजा रहनु र नरहनुमा खासै अन्तर रहन्न । तसर्थ सरोकार यो होइन कि हाम्रो शासन व्यवस्था, शासन प्रणाली र शासकीय स्वरुपको नाम के हुने ? बरु सरोकार यसमा हो कि हाम्रो यस शासन प्रणालीअन्तर्गत व्यवस्थामा आमूल परिवर्तन वा आधारभूत परिवर्तन आयो कि आएन ? अब हामी यस विषयमा गम्भीर बन्ने कि नबन्ने ।

यहाँ सवाल पार्टी र आन्दोलनको जीवनको हो । यस अन्तर्गत विचारधारात्मक र राजनीतिक कार्यदिशा अनुरुपको नेतृत्व र प्रणाली पर्दछन् । सरकार र यसको विद्यमान कामकारवाहीहरु पर्दछन् । हामीले पार्टीको दृष्टिलाई सरकारको कामकारबाहीमा सापेक्षित रुपमा व्यक्त गर्न सक्छौं या सक्दैनौं ? जनदिशामा आधारित पार्टी बन्ने दृष्टिकोणसँग सरकारको मोर्चाबाट व्यक्त गर्न सकिरहेका छौं या छैनौं ? आज भ्रष्टाचारको नाङ्गो बचावट, कमिसनखोरहरुको संरक्षण, नातावाद र कृपावादले राष्ट्रिय जीवनलाई भत्भती पोलिरहँदा हामी मौन किन ? आमनागरिकले उठाइरहेका यस्ता तमाम सवालहरुको जवाफ हामीले निर्मम भएर दिन सक्नुपर्दछ ।

कम्तीमा हामी युवा पुस्ताका कम्युनिष्टहरु 'ग्रेड डिबेट' का लागि तयार बनौं । विचार, विधि र नेतृत्वको पिरामिड तयार गर्ने कुरालाई बहसको मियो बनाऔं । राष्ट्रिय जीवनलाई जनदिशाअनुरुप अगाडि बढौँ । नत्र ठूलो पार्टीको घमण्डले एकदुई पटक फुल्न त सकिएला तर फैलन सकिन्न । समयको पर्वाह र प्रतिकूल परिस्थितिसँग संघर्ष गर्न नसक्दा डाइनोसर जस्तो शक्तिशाली जनावरहरु लोप भएको कुरा जीव विज्ञानमा साक्षी छ। विचार र कार्यदिशाको विकासमा जुटौं । एकता, संघर्ष र रुपान्तरण आजको आवश्यकता हो र यसैमा हाम्रो भविष्य छ। अस्तु ।

(लेखक कडरिया सत्तारुढ नेकपाका प्रदेश–१ कमिटीका सदस्य हुन्)

एसिड आक्रमणसम्बन्धी अपराध नियन्त्रण : यस्तो हुनुपर्छ अब बन्ने कानून

❖टेकनारायण कुँवर

भनिन्छ, खराब कानून हुनुभन्दा बरु कानून नै नहुनु जाति हुन्छ । नेपालमा पुरानो मुलुकी ऐन लागू रहँदाका बखत एसिड आक्रमणका कसूरदारलाई कसूरदार ठहर गर्न कुनै उपयुक्त कानूनी व्यवस्था नै थिएन। आक्रमणका घटनाहरू समाजमा घटिरहेकै थिए तर उपयुक्त कानूनको अभावमा अपराध अनुसन्धानकर्ता र अभियोजनकर्तालाई अदालतसम्म मुद्दा लैजान सकस थियो । अदालतमा लगिसकेको मुद्दामा उचित निर्णय गरी पीडितलाई न्याय दिलाउन न्यायकर्तालाई पनि असाध्यै गाह्रो थियो। यस्ता मुद्दाहरू ज्यान मार्ने उद्योगको कसूर कायम गरेर दर्ता हुन्थे ।

अदालतले सो कसूर ठहर गर्न पीडितको मर्नेसम्मको अवस्था छ छैन भनेर तथ्य र प्रमाणको मूल्याङ्कन गरी निष्कर्षमा पुग्दा प्रायजसो अपराधीले अपराधबाट उन्मुक्ति पाउने र त्यस्ता अभियोजनहरू कुटपिट मुद्दामा परिणत हुने गर्दथे। फलस्वरूप एसिड आक्रमणजस्तो गम्भीर फौजदारी अपराधबाट पीडित भई विक्षिप्त भएका अपराध पीडितले आजीवन हिनताबोधले ग्रसित भएर बाँच्नुपर्ने विवशता थियो । शारीरिक एवं भौतिक क्षति पुऱ्याइएका पीडितहरूले न्यायको अनुभूति गर्नुको साटो झन् पीडित भएर उल्टो आफैं सजाय पाएको अनुभूति लिएर घर र समाजमा जिउनु परेको थियो र छ ।

वर्तमान अवस्था

पुरानो मुलुकी ऐन खारेज गरी २०७५ भदौ १ गतेदेखि लागू भएको मुलुकी अपराध संहिता २०७४ ले तेजाब वा एसिड आक्रमणलाई पहिलोपटक अपाराधीकरण गरेको छ । जसअनुसार कसैले कसैलाई तेजाब वा यस्तै प्रकारका अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी जिउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरूप पार्ने काम गरेमा कसूरको प्रकृति हेरी अनुहार कुरुप पारेमा पाँच वर्षदेखि आठ वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना तथा शरीरको अन्य अङ्ग कुरुप पारेमा वा शरीरमा पीडा पुऱ्याएमा तीन वर्षदेखि पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था गरिएको छ। आधुनिक फौजदारी न्याय प्रणालीको हदैसम्मको परिमार्जित भनिएको यस संहिताले समेत यस्तो जघन्य र मानवता विरुद्धको अपराधमा समुचित सम्बोधन गर्न असफल रह्यो ।

यसबाट हाम्रा विधि निर्माताहरूले एसिड आक्रमणसम्बन्धी अपराधको गहिराइमा पुगेर अध्ययन मनन र आत्मसात गर्न चुकेको महसूस हुन्छ । पुरानो मुलुकी ऐनबाट आधुनिक फौजदारी कानूनको विकसित दिशातर्फ उक्लिँदै गर्दा यस्ता अपराधलाई विश्व परिवेश समेतलाई विचार गरी कडा कानूनी व्यवस्था गरिनु आजको आवश्यकता हो । विद्यमान कानून अनुसार यति ठूलो गम्भीर फौजदारी अपराधमा अपराधीलाई हुने सजाय र पीडितले पाउने क्षतिपूर्ति कुनै हालतमा पनि कसूरको गम्भीरताको तुलनामा पर्याप्त छैन ।

यसै सिलसिलामा एसिड आक्रमणका पीडित र उनीहरूको न्यायका खातिर आवाज उठाइरहेका अधिकारकर्मी अभियन्ताहरूसँग भेट गरी स्वयं सम्माननीय प्रधानमन्त्रीज्यूले यस अपराधको उचित सम्बोधनका लागि अध्यादेश ल्याएरै भएपनि कानून बनाउने घोषणा गर्नु देशको फौजदारी न्याय सुधारका लागि अत्यन्त सकारात्मक कदम मान्नु पर्दछ। त्यसो त प्रतिनिधिसभाको कानून न्याय तथा मानव अधिकार र महिला तथा सामाजिक समितिले सरोकारवालाहरूसँग छलफल गरेर एसिड आक्रमणका घटनाप्रति राज्यले दायित्व बढाउनुपर्ने सुझाव दिएको समेत देखिँदा अब बन्ने कानून समयको माग सम्बोधन हुने गरी नै निर्माण होला भन्ने विश्वास लिन सकिन्छ।

नयाँ कानूनको आवश्यकता

यस अवस्थामा मुलुकी अपराध संहिताको वर्तमान व्यवस्थामा परिमार्जन गरिने अवश्यम्भावी भएपनि के कस्तो नयाँ कानून बानाइने हो भन्ने कुरा नै महत्वपूर्ण छ । यस सन्दर्भमा एसिड आक्रमणको कसूरलाई गम्भीर फौजदारी कसूर मानी अपराधीलाई कडा सजाय र पीडितलाई न्यायोचित राहतका सबल कानूनी प्रावधानहरू ल्याइनु आवश्यक छ । त्यसका लागि अरू मुलुकको अभ्यास पनि मनन गरिनु वाञ्छनीय हुन्छ । बंगलादेशमा यस्ता अपराधीलाई मृत्युदण्डको सजाय हुन्छ । बेलायतमा आजीवन कारावासको सजाय गरिन्छ । भारतमा कसूरको गम्भीरताको आधारमा कम्तिमा १० वर्षदेखि जन्मकैदसम्म हुन्छ। पीडितलाई अन्तरिम राहतदेखि पुनर्स्थापना उपचार र सीप तथा रोजगारी दिने अभ्यासहरू प्रचलित छन्। नेपालको सन्दर्भमा अब बन्ने कानूनमा छुटाउनै नहुने केही पक्षहरू छन् जो निम्नबमोजिम सम्बोधन हुनुपर्दछः

अपराधीलाई सजाय र पीडितको न्याय

१. यस्ता अपराधका पीडकलाई जन्मकैदको व्यवस्था गरिनु पर्दछ ।

२. पीडितलाई उचित क्षतिपूर्तिका अलावा उपचार, पुनर्स्थापना, शिक्षा र रोजगारीको दायित्व राज्यले लिनुपर्दछ ।

३. न्यूनतम क्षतिपूर्तिको अंक कानूनमा नै तोकिनु पर्दछ र मनासिव क्षतिपूर्तिका लागि चिकित्सकसहितको एउटा विशेषज्ञ समिति कानूनमा राखी सो समितिले सिफारिश गरेबमोजिमको क्षतिपूर्ति पीडितले तत्काल पाउने व्यवस्था हुनु पर्दछ ।

४. यस अपराधलाई कुनै पनि हालतमा कैद निलम्बन गर्न नसकिने गरी फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन २०७४ को दफा २४ अन्तर्गत पारी सो सूचीमा समावेश गरिनु पर्दछ ।

५. क्षतिपूर्ति पीडकले तुरुन्त भर्न नसक्ने अवस्थामा राज्यको क्षतिपूर्ति कोषबाट भराई पछिबाट पीडकको चल-अचल सम्पत्तिबाट कोषमा सोधभर्ना हुने व्यवस्था गर्नु पर्दछ ।

मुद्दाको सुनुवाइ प्रक्रिया

१. यस्ता अपराधको सुनुवाई पद्धति छिटोछरितो बनाइनुपर्दछ। निरन्तर सुनुवाईभित्र समावेश गरिनु आवश्यक छ । कानूनमै तीन महिनाभित्र फैसला गर्नुपर्ने व्यवस्था हुनु पर्दछ । बंगलादेशले यो पद्धति अपनाएको उदाहरण छ ।

२. पीडितमैत्री सुनुवाई पद्धति अपनाइनु पर्दछ ।

३. पीडितको संरक्षणको व्यवस्था हुनुपर्दछ ।

४. बन्द इजलास र गोपनीयता कायम गरिनुपर्दछ ।

५. पीडितलाई सुनुवाइमा अनिवार्य रूपमा सहभागी हुने मौका प्रदान गरिनु पर्दछ ।

६. पीडितलाई दोभाषे तथा निरन्तर निःशुल्क कानूनी सहायता र सुरक्षा उपलब्ध गराइनुपर्दछ ।

७. पीडितलाई न्यायिक प्रक्रियामा सम्बन्धित निकायसम्म पुगेर सहभागी हुन असमर्थ हुने बढी सम्भावना भएकाले अनिवार्य रूपमा भिडियो कन्फरेन्समार्फत अपराध पीडितको संवैधानिक तथा कानूनी हक सुरक्षित गरिनुपर्दछ ।

प्रमाणसम्बन्धी विशेष कानूनी व्यवस्था

१. अब बन्ने कानूनमा यस अपराधको अभियोग लागेको अभियुक्तले नै आफ्नो निर्दोषिता सिद्ध गर्नुपर्ने कानूनी व्यवस्था राखिनु पर्दछ ।

२. यस अपराधलाई निरपेक्ष दायित्वअन्तर्गत राखिनु पर्दछ ।

एसिडको खुल्ला बिक्रीमा नियन्त्रण

१. कुनै पनि वैज्ञानिक परीक्षण वा व्यावसायिक प्रयोजनका लागि मात्र खरिद बिक्री गर्न दिनुपर्दछ। सो बाहेक जहाँतहीँ बिक्री वितरणमा पूर्ण प्रतिबन्ध गरिनु पर्दछ ।

२. खरिद बिक्रीको मापदण्ड उल्लंघन गर्नेलाई पनि सजायको दायरामा ल्याइनु पर्दछ ।

३. बिक्री वितरणको मापदण्ड तोकिनुपर्दछ । जस्तो कि एसिडको आवश्यकता खरिदकर्ताको पहिचान विवरण उमेरको हद भण्डारण पद्धति सुरक्षा निगरानी सञ्चय परिमाण घोषणा इत्यादि ।

निचोड

सुखद् पक्ष के छ भने स्वयं सरकार प्रमुखले एसिड आक्रमणसम्बन्धी छुट्टै कानूनको आवश्यकता महसूस गरी अध्यादेश ल्याउन निर्देशन नै भइसकेको छ। कानून त अवश्य बन्ने छ। अब सरोकारवालाहरूले जोड दिने भनेको कानून कस्तो हुनु पर्दछ भन्ने कुरामा हो। पटक-पटक संशोधन गर्न दबाब दिनैपर्ने अवस्था रहनु हुँदैन ।

मुख्य कुरा अपराधीलई कम्तिमा पनि जन्मकैद हुनु पर्दछ। पीडितलाई मनासिव क्षतिपूर्ति फैसलामा मात्र हैन यथार्थमा र तत्काल उपलब्ध हुनु पर्दछ ।

पीडितको पुनःस्थापना संरक्षण र रोजगारीका अवसर ग्यारेण्टी गरिनु पर्दछ । आजसम्म पीडामा परेकालाई पनि उचित संरक्षण योजनाभित्र पारिनु पर्दछ । जथाभावी हुने एसिड खरिद बिक्रीमा प्रतिबन्ध लगाइनु पर्दछ । सरोकारवाला र अधिकारकर्मीहरूले अहिलेदेखि नै निरन्तर विधायकहरूलाई यस दिशामा खबरदारी गरिरहेमा राम्रो कानून बन्ने विश्वास गर्न सकिन्छ ।

(कुँवर उच्च अदालत पाटनका न्यायाधीश हुन् ।)

प्रदेश १ लाई बाल विवाहमुक्त बनाइने

बिराटनगर (प्रस) । प्रदेश १ लाई आगामी ५ वर्षभित्रमा बाल विवाहमुक्त प्रदेश बनाईने भएको छ । सन् २०२५ भित्रमा बाल विवाहमुक्त प्रदेश निर्माणका लागि सरकारले तयारी सुरु गरिसकेको प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले बताए ।

राष्ट्रिय बाल दिवसको अवसरमा सामाजिक विकास मन्त्रालयले तयार गरेको बालबालिकाको स्थिति प्रतिवेदन सोमबार सार्वजनिक गर्दै मुख्यमन्त्री राईले सो कुरा बताएका हुन् । सबैपक्षको सहभागितामा बाल विवाहमुक्त प्रदेश निर्माण गरिने राईले बताए । सामाजिक संघ संस्था, सरोकारवाला व्यक्तिहरु सबैको सहभागिता आवश्यक रहेको मुख्यमन्त्री राईको भनाइ छ ।

कार्यक्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री रामबहादुर रानाले बालबालिकाको अवस्था पहिलेको तुलनामा सुधार भएर गएको बताए । उनले बालविवाह र बालश्रममा सुधार हुन नसक्नु दुःखद् भएको बताए ।

सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेरले सडकमा बालबालिका बस्नुपर्ने अवस्थाको अन्त्य गरिने बताइन् । सडक बालबालिकालाई उद्धार गर्ने काम भईरहेको राज्यमन्त्री गजमेरले बताइन् । उनले हालसम्म प्रदेश १ मा ५३ जना सडक बालबालिकाको उद्धार भएको जानकारी दिइन् ।

कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव गोविन्दबहादुर कार्कीले नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार प्रदेश १ मा ५१ दशमलव ८ प्रतिशत बालिका र २१ दशमलव ७ प्रतिशत बालकहरुको २० वर्षभन्दा कम उमेरमा विवाह हुने गरेको बताए । उनले प्रदेश १ मा ३७ दशमलव ४ प्रतिशत बालबालिका श्रममा रहेको जनाए ।

मल नल्याउने कम्पनीलाई कालोसूची राख्न सिफारिस

झापा (प्रस) । समयमै रासायनिक मल आपूर्ति नगर्ने दुई नेपाली कम्पनीलाई कृषि सामग्री कम्पनी लिमिटेडले कालोसूचीमा राख्न सिफारिस गरेको छ। देशका विभिन्न स्थानमा मल नपाउँदा किसान आन्दोलित हुन थालेपछि समयमै मल नल्याउने ठेकदार शारदाप्रसाद अधिकारीको शैलुङ इन्टरप्राइजेज, ललितपुर र हुमनाथ कोइरालाको होनिको मल्टिप्रपोज कम्पनी, काठमाडौंसँगको ठेक्का सम्झौता भदौ २१ गते रद्ध गरेको थियो।

कृषि सामग्री कम्पनी लिमिटेडले शैलुङ इन्टरप्राइजेजसँग वैशाख १२ गते र होनिको मल्टिप्रपोज कम्पनीसँग १५ गते २५-२५ मेट्रिक टन युरिया मल खरिद गर्नका लागि सम्झौता भएपनि तोकिएको समयमा नल्याएपछि कालोसूचीमा राखेर कारवाही गर्नुपरेको प्रबन्ध संचालक नेत्र बहादुर भण्डारीले जानकारी दिए। सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल काठमाडौंलाई सम्बोधन गरेर लेखिएको पत्रमा भनिएको छ, 'खरिद सम्झौता भएकोमा दुवै सप्लायरले सम्झौता बमोजिमको कार्य समयमा नगरेकोले सार्वजनिक खरिद ऐन बमोजिम कालोसूचीमा राखी कार्वाही गर्नुपर्ने भएकोले आवश्यक कागजात यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।' पत्रको बोधार्थ कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई समेत दिइएको छ।

उनीहरुले साउन ७ गतेभित्र मल ल्याइसक्नुपर्नेमा सप्लायर्सको अनुरोध २५ दिन समय थप गरिएको थियो। दुवै कम्पनीले भदौ २० गतेसम्म ५० हजार मेट्रिक टन युरिया मल ल्याइसक्ने पर्नेमा त्यस्तो नगरेकाले कारबाही गरिएको हो। दुई कम्पनीको सम्झौता रद्द गरेसँगै कृषि तथा पशुपन्छी विकासमन्त्री घनश्याम भुसालले लापरवाही गर्ने कम्पनीलाई कारवाही गर्ने प्रक्रिया सुरु भएको बताएका थिए। अहिले युरिया आपूर्तिको ठेक्का लिएकाहरु माथिको गरिएको कार्वाहीलाई आफूले सुशासनका लागि थालिएको अझ महत्वपूर्ण कदमका रुपमा लिएको उनले बताएका थिए। भुसालले जसरी पनि ठेक्का पार्ने तर काम नगर्ने प्रवृत्ति निरुत्साहित हुने र भविष्यमा पनि सुशासनलाई अझ कडाईका साथ पालना गरिने स्पष्ट पारेका छन्।

विराटनगरका मेयर क्वारेन्टाइनमा

भीम पराजुली
प्रमुख

बिराटनगर (प्रस) । प्रमुख प्रशासकीय अधिकृत र सवारी चालकलाई कोरोना संक्रमण भएपछि विराटनगर महानगरपालिकाका मेयर भीम पराजुली क्वारेन्टाइनमा बसेका छन् । महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत इन्द्रमणी पोखरेल र मेयर पराजुलीका सवारी चालकलाई कोरोना संक्रमण पुष्टि भएपछि उनी क्वारेन्टाइनमा बसेका हुन् । जोखिम रहेकोले आइतबारदेखि जैन भवन क्वारेन्टाइनमा बसेको मेयर पराजुलीले जानकारी दिए । संक्रमितको क्लोज कन्ट्याकमा भएकाले केही दिन सेल्फ क्वारेन्टाइनमा बसेर पीसीआर जाँच गर्ने उनको भनाइ छ ।

मेयर पराजुलीसँगै उनको सचिवालयका सहयोगीहरु पनि क्वारेन्टाइनमा बसेका छन् । प्रमुख प्रशासकीय अधिकृतलाई कोरोना पुष्टि भएपछि महानगरले सोमबारदेखि अत्यावश्यक बाहेकका सेवा ५ दिनका लागि बन्द गरेको छ ।

यसअघि महानगरेको २ नम्बर वडाका वडाध्यक्ष कुमार पोखरेल र ५ नं. वडाका अध्यक्ष मिनकुमार आचार्यमा कोरोना देखिएको थियो । वडाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतमा कोरोना देखिएपछि महानगरका अधिकांश कर्मचारीहरु पनि होम आइसोलेसनमा बसेका छन् ।

त्यसैगरी विराटनगरका उद्योगी तथा नेपाली काग्रेंसका केन्द्रीय सदस्य पवन सारडालाई कोरोना संक्रमण भएको छ ।

केही दिन अघि हल्का ज्वरो आएपछि घरमै एकान्तबास बसेका उद्योगी सारडाको स्वाब परीक्षणको रिपोर्ट सोमबार पोजेटिभ आएको हो ।

उद्योगी सारडाले आफ्नो स्वास्थ्य अवस्था सामान्य रहेको र ज्वरो, खोकी लगायत कुनै पनि लक्षण नरहेको बताए । कोरोना संक्रमण फैलिएसँगै भेटघाट सीमित गरेका उनीसँग नियमित भेट हुने चार-पाँच व्यक्तिमध्ये एक जनालाई ज्वरो आएपछि संक्रमणको आशंका भएको उनले बताए ।

आर्थिक अभाव झेल्दै दिलबहादुर



इलाम (प्रस) । बाँसको चोयालाई नाङ्लो, डालो, ढोका,झक र चित्रामा परिणत गर्ने सीप भएका दिलबहादुर राईलाई गाउँघरमा बाङ्दले कोपा नामले चिनिन्छ ।

इलामको माई नगरपालिका १० करेलेमा बिगत २१ वर्षदेखि बसोबास गर्दै आएका उनी शारीरिक रुपमा अपांग हुन् । उनको आय स्रोत अर्थात् जीविकोपार्जनको माध्यम भनेको नै बुनाइ रहेको छ ।

'२० वर्षको हुँदा घुँडामा पिलो जस्तो घाउ देखा परेको थियो,त्यही घाउले एक बर्ष थलो पाऱ्यो तर घाउ निको भयो खुट्टा सिधा भएन' उनी भन्छन् । पाँचथरको तमाखे ८ मा २०२३ सालमा जन्मेका बाङदलेले कोपा आर्थिक अवस्था कमजोर भएका कारण अस्पताल,डाक्टर र औषधिको दर्शन गर्न पाएनन् । उपचार गर्न नपाएर नै आफू यो अवस्थामा रहेको उनको भनाइ छ । बाहिर कतै हिडडुल गर्न नसकेपछि बुबासँग बाँसको नाङ्लो लगायतका समान बुन्न सिकेर अहिले यही माध्यमबाट घरपरिवार चलाउँदै आइरहेको उनले बताए ।

उनी भन्छन् , 'मर्नु भन्दा बौलाहा हुनु नि को भनेर जस्तै हो म अरु काम गर्न सक्दिनँ । फाइदा केही छैन जङ्गलबाट बाँस ल्याउनु पर्छ,आफू सक्दिनँ खेताला लगाउनु पर्छ भनेको बेला मान्छे पाइन्न ।' उनलाई एउटा नाङ्लो बुन्न दुई दिन लाग्छ । त्यसवापत उनी ५ सय रुपैयाँ लिन्छन् । त्यस्तै डालो बुन्न एक दिन लाग्छ । डालोको २ सय,डोकाको २ सय पचास,चित्रा प्रतिगोटा २ सय लिन्छन् । उनलाई त्यति कमाइले पुग्दैन ।कहिलेकाहि कुनै रात भोकभोकै कटाउनु पर्छ । 'गरिब भएपछि कसैले पत्याउदैनन् त्यसमा म अपांग, मर्दा दबाउने जग्गा छैन । बसाइ आएको ३ बर्षसम्म आफन्तकोमा बसोबास गरियो ।१८ वर्षदेखि बार्षिक ३ हजार तिर्दै अर्काको बारीमा बसेका छौ ' बाङ्दले भन्छन् ।

ओरालो लागेको मृगलाई बाछाले पनि खेद्छ भनेझैं उनको श्रीमती अमृता राई शारीरिक सपांग भए पनि बिगत पाँच बर्षदेखि अस्वस्थ छिन्। छालाको रोग देखा परेपछि श्रीमतीको उपचार गराउन आफूसँग भएको जायजेथा गाई गोरु बेचेर उपचार गराएपनि निको नभएको उनी बताउँछन् एउटी छोरीलाई पढाउन नसकेर बिबाह गराइदिए ।

आफूसँग नेपाली नागरिकता नभएको कारण सरकारले दिने अपांगता परिचयपत्र तथा सो अनुसारको सेवा सुबिधाबाट बन्चित भएको उनी दुखेसो गर्छन् ।

उनी भन्छन् ' बिरामी भएर थलो परेका बेला गाउँमा नागरिकता बनाउने टोली आएको थियो तर आमाबुबाले पनि वास्ता गरेनन् ।' कसैले सहयोग गरे र कतैबाट आर्थिक स्रोत जुटाउन सके फेरि एकपटक प्रयास गर्ने उनले बताए ।

प्रतिदिन वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प
साथै अन्य
छपाई सम्बन्धी सम्पुर्ण
काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिथोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट
घरको झ्याल
तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम
(UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईंकोमा
प्रतिदिन
आएन ?
नआएमा
सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१६०८८९५९

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

राशिफल

मेष : आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ ।
वृष : बिछोडिएका परिवारजनसँग भेटघाट ,जमघटका बीच स्वादिष्ट भोजन लिने अवसर जुट्नेछ ।
मिथुन : अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ ।
कर्कट : आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। सानो कामले पनि राम्रो आम्दानी दिलाउनेछ।
सिंह : प्रतिष्ठित काम गेर धैरेको मन लोभ्याउन सकिनेछ। समाजमा तारिफयोग्य काम गर्दै नाम र दाम कमाउने समय छ।
कन्या : अरूका लागि बुद्धि खर्चनुपर्ला। आफ्ना विषयमा पनि अरूले दाबी गर्न सक्छन्।
तुला : प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। स्वास्थ्य कमजोर रहनाले औषधि-उपचारमा खर्च बढ्नेछ।
वृश्चिक : मित्रता र प्रेमको बन्धन कसिनेछ। सोखले जोखिम बढाउन सक्छ।
धनु : मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ।
मकर : छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला।
कुम्भ : अन्योलमा मान्यजनको सुझाव शिरोधार्य गर्दा सामान्य लाभ हुनेछ।
मीन : साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ।